नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ ।
फोन नं.: ४४१४८०४/८०५/८०७
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np

इ.प्रा. परिपत्र संख्या : २०/२०७९-८०

मिति: २०८०/०३/२८

श्री विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त सम्पूर्ण निकायहरु ।

विषय : एकीकृत परिपत्र-२०७९ मा संशोधन गरिएको सम्बन्धमा ।

महाशय,

विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७९ मा देहाय बमोजिम संशोधन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. एकीकृत परिपत्र-२०७९ को एकीकृत इ.प्रा. परिपत्रः २८/२०७९ मा देहायबमोजिम दफा ६ थप गरिएको छ :

**MaxMoney Sdn. Bhd., Malaysia** ले विप्रेषण कारोबार बापतको रकम नेपाली इजाजतपत्रप्राप्त निकायलाई भुक्तानी नगरेको हुनाले यस बैंकको मिति २०७५/०८/१२ र २०७५/११/०२ गतेका परिपत्रहरुमार्फत् यस बैंकबाट इजाजतपत्रप्राप्त निकायहरुलाई सो संस्थासँग कारोबार गर्न लगाइएको प्रतिबन्ध उक्त संस्थाले कुल वक्यौता रकममध्ये आंशिक रकम भुक्तानी गरेकोमा यस बैंकको मिति २०७६/१०/०५ को सूचनामार्फत सो प्रतिबन्ध फुकुवा गरिएको तथा उल्लिखित परिपत्रहरु खारेज गरिएकोमा उक्त संस्थाले त्यस्तो प्रतिबन्ध फुकुवा गर्दा तोकिएका शर्तहरु पालना नगरेको हुँदा यस बैंकबाट अर्को व्यवस्था नभएसम्मका लागि यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, विप्रेषण कम्पनी, अन्य इजाजतपत्रप्राप्त निकायहरू, सरोकारवाला व्यक्ति तथा निकायले **MaxMoney Sdn. Bhd.** सँग बाँकी वक्यौता भुक्तानी लिने कार्य बाहेक कुनै पनि कारोबार नगर्न/नगराउनु हुन र **MaxMoney Sdn. Bhd.** ले नेपालीहरूसँग मलेसियामा रकम संकलन गरी अन्य **Multi-Corridor** मार्फत त्यस्तो रकम नेपाल पठाउने कार्यका लागि तेस्रो पक्षबाट **Processing** भएको रकम समेत स्वीकार गर्ने तथा भुक्तानी गर्ने व्यवस्था नहुने गरी विप्रेषण कारोबारको प्रबन्ध मिलाउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

२०८०/०३/२८

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।

क्रमश:

# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ ।
फोन नं.: ४४१४८०४/८०५/८०७
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np

३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
६) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
८) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
९) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१०) श्री नेपाल उद्योग परिसंघ ।
११) श्री नेपाल चेम्बर अफ कमर्स ।
१२) श्री नेपाल बैंकर्स संघ ।
१३) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१४) श्री वित्तीय संस्था संघ ।
१५) श्री नेपाल रेमिटर्स एसोसिएसन ।
१६) श्री मुद्रा सटही व्यवसायी संघ नेपाल ।